२१८

राष्ट्रिय सूचना आयोग २०६५

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त यशोदा तिम्सिना

## आदेश

मु.नं. २१७/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ........................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, ४ नं. डिभिजन सडक कार्यालय, चरिकोट, दोलखा ....................................१ विपक्षी
सूचना अधिकारी, ४ नं. डिभिजन सडक कार्यालय, चरिकोट, दोलखा ....................................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले ४ नं. डिभिजन सडक कार्यालय, चरिकोट, दोलखा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०३ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।२४ को आदेश बमोजिम ४ नं. डिभिजन सडक कार्यालय, चरिकोट, दोलखाको मिति २०७१।११।१५, च.नं.९५६, प.सं. ०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराईएको जानकारी पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

.............................
यशोदा देवी तिम्सिना
(सूचना आयुक्त)

.............................
कृष्णहरि बाँस्कोटा
(प्रमुख सूचना आयुक्त)

ईति सम्वत् २०७१ साल चैत्र २० गते रोज ६ शुभम् ।